# राजस्व अनुसन्धान विभाग
# वार्षिक प्रतिवेदन आ. ब. २०६०/६१

## १.१. विभाग स्थापनाको पृष्ठभूमि

राजस्व चुहावटलाई नियन्त्रण गर्ने उद्देश्यले शुरुमा श्री ५ को सरकारले अर्थ मन्त्रालय अन्तर्गत राजस्व अनुसन्धान महाशाखा स्थापना गरी कर, भन्सार, चोरी पैठारी, विदेशी विनिमय र राजस्व चुहावटसंग सम्बन्धित भ्रष्ट्राचारको कसुर सम्बन्धी अनुसन्धान तथा तहकिकात समेतका विषयहरुको छानवीन गर्दै आएकोमा यसरी त्यस्तो चुहावट नियन्त्रण कार्य अर्थ मन्त्रालयको एउटा महाशाखाबाट मात्र प्रभावकारी रुपले गर्न नसक्ने महसुस भै आ.व. २०५०/५१ देखि उक्त महाशाखालाई राजस्व अनुसन्धान विभागमा परिणत गरियो । पछि आएर श्री ५ को सरकारले कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावट नियन्त्रण गर्न राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ लागू गरी सो ऐन बमोजिम यस विभागले चुहावट नियन्त्रण कार्य गर्दै आएको छ । यसका अतिरिक्त यस विभागले श्री ५ को सरकारबाट नेपाल राजपत्रमा प्रकाशित गरेको सूचनाका आधारमा विदेशी विनिमय सम्बन्धी कसुरको अनुसन्धान समेत गर्दै आएको छ ।

## १.२. विभागको उद्देश्य

सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास द्रुत्तर गतिले गर्नको निमित्त अधिक से अधिक राजस्व परिचालन गर्न भन्सार, अन्त:शुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्ने उद्देश्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले निर्दिष्ट गरेको छ ।

त्यस्तै, विदेशी विनिमय (नियन्त्रण) ऐन, २०१९ को दफा ११ क ले दिएको अधिकार प्रयोग गरी विदेशी विनिमय सम्बन्धी कसुरको सम्बन्धमा जांचबुझ र अनुसन्धान गर्नका लागि यस विभागको पदाधिकारीलाई अनुसन्धान अधिकृत तोकेको छ ।

ऐन तथा श्री ५ को सरकारद्वारा प्रत्यायोजित अधिकारको अधिनमा रही राजस्व सम्बन्धी विभिन्न ऐन नियम अनुसार काम गर्न, गराउन कानूनको उल्लंघन

हुन नदिने वातावरण वनाउन एवं उल्लंघन भएमा विस्तृत अनुसन्धान गरी कसुर अनुसारको सजायको लागि मुद्धा चलाउने उद्देश्यबाट यो विभाग अभिप्रेरित  छ ।

## १.३. कार्यक्षेत्र

गैर कर राजस्व क्षेत्रमा हुने चुहावट बाहेक नेपाल अधिराज्य भित्र कर राजस्व अन्तर्गत हुने चुहावटका सबै क्षेत्रहरुमा एवं विदेशी विनिमय अपचलन सम्बन्धमा अनुसन्धान गरी कारवाही गर्ने तथा कसुर भए गरेको देखिएमा अदालतमा मुद्दा चलाउने यो विभागको मुख्य कार्यक्षेत्र रहेका छ ।

## १.४. राजस्व चुहावट

सैद्धान्तिक दृष्टिकोणले राजस्व चुहावटका समस्यालाई २ किसिमले हेर्ने गरिन्छ । पहिलो हो कर नै नतिरी चुहावट (Evasion) हुनु र दोस्रो हो कर वचावट (Tax avoidance) अर्थात आफुले तिर्नुपर्ने कर सकेसम्म कम तिर्नु परोस भनी प्रचलित कर कानुनका प्रावधानका कमजोरी (Loopholes) वाट अनुचित लाभ उठाउनु यी दुवै किसीमका कार्यहरुवाट सरकारलाई प्राप्त हुने राजस्वमा हानी हुने हुंदा यसको नियन्त्रण तथा रोकथाममा यो विभाग सक्रिय रहदै आएको छ ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनको दफा ४ मा देहायका अबस्थालाई राजस्व चुहावट गरेको मानिने व्यवस्था छ :-

१. श्री ५ को सरकारलाई तिर्नु वा वुझाउनु पर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा,

२. कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उदेश्यले गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानुन वमोजिम तिर्नु वा वुझाउनु पर्ने राजस्व नतिरे वा नवुझाएमा वा तिर्नु वा वुझाउनु पर्ने राजस्व भन्दा घटी राजस्व तिरेमा वा वुझाएमा,

३. कुनैपनि मालवस्तुको निकासी पैठारी गर्दा सम्वन्धित भन्सार कार्यालयमा प्रचलित कानुन वमोजिम तिर्नु वा वुझाउनु पर्ने राजस्व नतिरी वा नवुझाई राजस्व छलेमा वा छल्ने प्रयत्न गरेमा,

४. कुनै व्यक्तिले कुनै व्यक्तिको नामवाट कुनै उद्योग व्यापार वा व्यवसाय गरी कुनै वस्तु निकासी वा पैठारी गरेमा वा विदेशी कम्पनी वा संस्थाको एजेन्ट भएमा सो कुरा नदेखाई प्रचलित कानुन वमोजिम तिर्नु वा वुझाउनु पर्ने राजस्व नतिरी वा नवुझाई राजस्व छलेमा,

५. राजस्व तिर्नु, वुझाउनु वा दाखिला गर्नुपर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनाधिकार वाधा उत्पन्न गरेमा वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफुले तिर्नु वुझाउनु पर्ने राजस्व नतिरेमा वा जति तिर्नुपर्ने हो सो भन्दा कम रकम तिरेमा वा त्यस्तो कुनै कार्य गर्ने गराउने प्रयत्न गरेमा,

६. राजस्व वुझाउनु पर्ने कार्यालयको कर्मचारी सित मिलोमतो गरी श्री ५ को सरकारलाई प्रचलित कानुन वमोजिम तिर्नु वा वुझाउनु पर्ने राजस्व रकममा हेरफेर वा परिवर्तन गरेमा,

**१.५. <u>विभाग र अन्तर्गतका कार्यालयहरुको मौजुदा दरवन्दी तेरिज</u> :**

यस विभागको प्रमुखमा राजपत्रांकित प्रथम श्रेणी (प्रशासन सेवा) को महा-निर्देशक रहेको छ । निज मातहत राजपत्रांकित प्रथम श्रेणी (प्रशासन सेवा) कै एक जना उप-महानिर्देशक, राजस्व समुह तर्फका राजपत्रांकित द्वितीय श्रेणीको निर्देशक दुई जना, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत ५ जना, लेखा समुह तर्फको राजपत्रांकित तृतीय श्रेणी, लेखा अधिकृत एक जना, न्याय सेवा, सरकारी वकिल समुह तर्फको राजपत्रांकित तृतीय श्रेणी, जिल्ला न्यायाधिवक्ता १ जना र राजपत्र अनंकित तर्फ २३ जना, गस्ती तर्फ १४ जना, सवारी चालक ६ जना तथा परिचर ३ जना गरी विभागमा जम्मा ५७ जना कर्मचारी दरवन्दी रहेको छ ।

यस विभाग मातहत पूर्वाञ्चल क्षेत्रका लागि इटहरी, मध्यमाञ्चल क्षेत्रका लागि पथलैया, पश्चिमाञ्चल क्षेत्रका लागि बुटवल र मध्य तथा सुदूर

पश्चिमाञ्चलका लागि कोहलपुरमा एक एक क्षेत्रीय स्तरको इकाई कार्यालय कार्यरत छन् । ती सबै क्षेत्रीय कार्यालयको प्रमुखमा राजपत्रांकित द्वितीय श्रेणी, प्रशासन सेवा, राजस्व समुहका उप-सचिवस्तरका प्रमुख अनुसन्धान अधिकृत रहने र १/१ जना अधिकृत स्तरको अनुसन्धान अधिकृत र अन्य राजपत्र अनंकित कर्मचारीहरु तथा गस्ती कर्मचारीहरु रहेका छन् ।

श्री ५ को सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभाग वा अन्तर्गत

## मौजूदा दरवन्दी विवरण

| सि. | पदको नाम | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी | पूर्ति | रिक्त | फाजिल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | महा-निर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | १ | X | X | |
| २. | उप-महानिर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | १ | X | X | |
| ३. | निर्देशक | रा.प.द्वि. | प्रशासन | राजस्व | २ | २ | X | X | |
| ४. | प्रमुख अनुसन्धान अ. | रा.प.द्वि. | प्रशासन | राजस्व | ४ | ३ | १ | X | |
| ५. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ५ | ५ | X | X | |
| ६. | अनुसन्धान अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४ | ४ | X | X | |
| ७. | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | X | X | |
| ८. | जि. न्यायाधिवक्ता | रा.प.तृ. | न्याय | स.व. | १ | १ | X | X | |
| ९. | ना.सु. | रा.प.अ.प्र. | प्रशासन | राजस्व | १४ | १४ | X | ३ | |
| १०. | ना.सु. न्याय | रा.प.अ.प्र. | न्याय | स.व. | १ | १ | X | X | |
| ११. | लेखापाल | रा.प.अ.प्र. | प्रशासन | लेखा | १ | १ | X | X | |
| १२. | कम्प्युटर अप्रेटर | रा.प.अ.प्र. | विविध | X | २ | २ | X | X | |
| १३ | गस्ती निरीक्षक | रा.प.अ.प्र. | X | X | ५ | ५ | X | X | |
| १४. | टाइपिष्ट | विभिन्न | प्रशासन | प्रशासन | ५ | ५ | X | X | |
| १५. | खरिदार | रा.प.अ.द्वि. | प्रशासन | राजस्व | १९ | १९ | X | X | |
| १६. | सह-लेखापाल | रा.प.अ.द्वि. | प्रशासन | लेखा | ५ | ५ | X | X | |
| १७ | गस्ती उप निरीक्षक | रा.प.अ.द्वि. | X | X | ४ | ४ | X | X | |
| १८. | ड्राइभर | श्रेणीविहीन | प्रशासन | प्रशासन | १० | १० | X | X | |
| १९. | परिचर | श्रेणीविहीन | प्रशासन | प्रशासन | १५ | १५ | X | २ | |
| २० | गस्ती परीचर | श्रेणीविहीन | X | X | ४२ | ३३ | ८ | X | |
| | | | | | **१४२** | **१३२** | **१०** | **५** | |

**१.६ <u>विभागको वर्तमान कार्य पद्धति</u> :**

विभागको कार्य संचालन पद्धतिलाई ४ खण्डमा विभाजन गरिएको छ :-

१. **<u>सूचना प्राप्त गर्ने</u> :**

सम्बद्ध निकायहरुबाट नियमित रुपमा सूचना प्राप्त गरी अभिलेख राख्ने, राजस्व चुहावट सम्बन्धमा अन्य श्रोतबाट प्राप्त सूचना एवं सुराकी समेतको आधारमा अभिलेखांकित सूचनाको प्रशोधन गर्ने ।

२. **<u>विश्लेषण गर्ने</u> :**

प्राप्त सूचना प्रशोधनबाट तथ्यपरक देखिएमा विश्लेषण गर्ने ।

३. **<u>अनुसन्धान एवं कानूनी कारवाही गर्ने</u> :**

प्राप्त सूचनाको आधारमा विश्लेषण गर्दा राजस्व चुहावट वा विदेशी विनिमयको अपचलनको सम्भावना देखा परेमा अनुसन्धान गर्ने एवं कसुर देखिएमा कानूनी कारवाहीको प्रक्रिया अघि वढाउने ।

४. **<u>आकस्मिक चेकजांच तथा विभिन्न निकायबाट प्राप्त उजुरी कार्यान्वयन</u> :**

(क) राजस्व संकलन गर्ने निकायको आचरणमा विचलन नआओस,कार्य शुद्धताले निरन्तरता पाई रहोस भन्ने उद्देश्यले भन्सार, कर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको कारोवारको आकस्मिक चेकजांच गर्ने ।

(ख) चोरी पैठारी भै आन्तरिक ओसार पसार भै आउने सामानहरु समेत कडाईका साथ रोकथाम गर्ने ।

**१.७ कार्य योजना :**

यस विभागले कार्य योजना (Action Plan) बनाई सो अनुरुप कार्य सम्पादन गर्दै आएको छ ।

संक्षेपमा विभाग र अन्तर्गतका इकाई कार्यालयहरुले यस आर्थिक वर्षमा उपलव्ध जनशक्ति, भौतिक पूर्वाधार एवं वजेटको अधिकतम उपयोग गरी निम्न बमोजिम कार्य सम्पादन गरेको छ :-

- इकाई कार्यालयहरुले आन्तरिक ओसार पसार भएका बस्तुहरुको विल विजकहरु संकलन गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरुमा पठाइएको ।
- शंकास्पद ओसार पसारका सामानहरु चेक जांच गरिएको ।
- सुराकीको सूचना विश्लेषण गरी छापा मार्ने कागजात कव्जामा लिने, स्टक लिने लगायत अन्य आवश्यक अनुसन्धान गरिएको ।
- करमा दर्ता नभएका व्यवसायीहरुलाई करको दायराभित्र ल्याउन निम्न आवश्यक उपाय अवलम्वन गरिएको ।

- सम्झाउने बुझाउने
- निरीक्षण गर्ने
- कारवाही गर्ने

- भन्सार जांचपास भएका सामानहरु आकष्मिक परीक्षण गरिएको ।
- विभिन्न क्षेत्रमा गस्ती गरिएको ।
- अनुसन्धानबाट कसूर गरिएको देखिएमा संजायका लागि मुद्धा दायर गर्ने तथा राजस्व कार्यालयहरुलाई कारवाही गर्न लेखी पठाउने गरिएको ।
- सम्वद्ध अन्य निकायसंग समन्वय राखी कार्य सम्पादन गरिएको ।

# आ. ब. २०६०/६१ मा विभागबाट सम्पादित कार्य र प्रगति विवरण

प्रतिवेदन वर्ष भरी विभागबाट भएका काम कारवाही र त्यसबाट प्राप्त प्रगतिको संक्षिप्त विवरण शिर्षक छुट्याई तल उल्लेख गरिएको छ । विभाग मातहतका इकाई कार्यालयहरुको प्रगति विवरण पनि उल्लेख गरिएको छ ।

राजस्व चुहावट नियन्त्रण कार्यलाई अझ प्रभावकारी रुपले कार्य सम्पादन गर्ने उद्देश्यले यस आ. ब. मा नीतिगत, प्रशासनिक, भौतिक तथा प्रकृयागत क्षेत्र तर्फ निम्न बमोजिम सुधार प्रयास गरिएको छ ।

<u>विभागीय कार्यविधि</u>

यस भन्दा पूर्व विभागले अनुसन्धान गर्दा अपनाउनु पर्ने निश्चित कार्यविधि नभएकोले विभाग र अन्तर्गत इकाई कार्यालयहरुबाट अनुसन्धान हुने एकै प्रकृतिका विषयहरुमा पनि अलग अलग प्रकृयाहरु अवलम्वन हुन गै चुहावट नियन्त्रणमा समेत प्रभाव पर्न सक्ने विषयलाई दृष्टिगत गरी श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अर्थ मन्त्रालय तथा सम्बन्धित अन्य निकायहरुसंग व्यापक अर्न्तकृयाबाट प्राप्त सुझावहरु समेत समावेश गरी राजस्व चुहावट विदेशी विनिमय अपचलन अनुसन्धान कार्यविधि, २०६० को तर्जुमा तथा लागू यसै आर्थिक वर्षमा भएको छ ।

इकाई कार्यालयका प्रमुखहरुले समेत भन्सार अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन भएको परिप्रेक्ष्यमा मौका मुचुल्का लयायतका प्रकृयाहरु अचुसूचिमा समावेश गरी तयार गरिएको यस कार्यविधिले विभाग तथा इकाई कार्यालयहरुको कार्य सम्पादनमा एकरुपता कायम हुनुका साथै भन्सार प्रशासनसंग सम्बन्धित मुद्धाहरुको अनुसन्धान तथा तहकिकात प्रकृयामा समेत सहजता महसुस भएको छ ।

## ढुवानी घोषणापत्र

कर योग्य बस्तुहरुको ओसार पसार हुंदा त्यस्ता बस्तुहरुको नियमानुसार लाग्ने कर, महशुल असुल भए नभएको सम्बन्धमा निगरानी राख्ने उद्देश्यले यस विभाग अन्तर्गत ४ वटा इकाई कार्यालयहरु तथा एउटा अस्थायी चेकपोष्ट स्थापना गरी सञ्चालन भैरहेको छ । यसरी कर योग्य बस्तुहरुको आन्तरिक ओसार पसार गर्ने ढुवानीकर्ताहरुले प्रयोग गर्ने ढुवानी घोषणा पत्रको निश्चित ढांचा नतोकिएकोले के कुन कस्तो बस्तु ओसार पसार भैरहेको छ, त्यस्ता बस्तुहरुको कर तिरेको छ छैन भन्ने विषयमा स्पष्ट गराई चुहावट नियन्त्रण गर्न सजिलो होस् भन्ने उद्देश्यले अधिराज्यभरमा एउटै किसिमको ढुवानी घोषणा पत्र, २०६० को तर्जुमा गरी लागू गराईएको छ । जसबाट व्यवसायीको कारोबारमा पारदर्शिता आई राजस्व चुहावट नियन्त्रणमा सहयोग पुगेको महसुस गरिएको छ ।

## जनशक्ति

विभागको कार्यक्षेत्र विस्तार, थप प्रत्यायोजित अधिकार एवं अस्थायी चेकपोष्ट समेतको स्थापना भएको कारणले मौजूदा जनशक्तिबाट मात्र दैनिक कार्य सम्पादन गर्न कठिनाई भएको महसुस भै मौजूदा दरवन्दीमा शाखा अधिकृत १, ना. सु. ४ र खरिदार १२ गरी जम्मा १७ पद थप गरी पद पूर्ति समेत गरी कार्य सञ्चालन भैरहेको ।

## भौतिक पूर्वाधार

विभाग तथा अन्तर्गत इकाई कार्यालयहरुको भौतिक पूर्वाधार सुधार गर्ने उद्देश्यले यसै आर्थिक वर्षमा विभाग परिसरमा १ तीन तले पक्की भवन निर्माण भैरहेको । सूचना संकलन तथा व्यवस्थापन पक्षलाई सवल बनाउने अभिप्रायले विभाग र अन्तर्गत इकाई कार्यालयहरुका लागि यस आर्थिक वर्षमा कम्प्युटर १० थान, यु. पि. यस. १० थान, प्रिण्टर ५ थान, फोटोकपि मेशिन ५ थान, फ्याक्स मेशिन ५ थान, जेनेरेटर ५ थान र फर्निचर १५ थान समेत खरीद गरी विभाग र इकाई कार्यालयहरु समेतमा जडान भएको ।

## सूचना संकलन तथा प्रशोधन

कम्प्युटर प्रणालीको माध्यमबाट व्यवसायीहरुको वैयक्तिक कारोबार (Transaction) को अनुगमन तथा मूल्यांकन गरी चुहावट नियन्त्रण गर्न कम्प्युटर सफ्टवेयरको विकास गरी विभागमा कम्प्युटर प्रविष्टि कार्य शुरु गरिएको । साथै सबै इकाई कार्यालयहरुलाई कम्प्युटरिकृत गर्ने क्रममा कम्प्युटर नेटवर्किडद्वारा दैनिक कागजात, विल विजक प्रविष्ट गराई त्यसलाई केन्द्रीय सूचना प्रणालीमा समायोजन गरी त्यसका आधारबाट औद्योगिक तथा व्यापारिक प्रतिष्ठान छनौट गरी अनुगमन तथा अनुसन्धान गर्ने कार्य निकट भविष्यमा नै शुरु गरिने लक्ष्य राखिएको ।

## बैंक ग्यारेण्टी तर्फ

विभिन्न भन्सार कार्यालयहरुमा समयभित्र फुकुवा हुन नसकेका बैंक ग्यारेण्टीको रकम अभिलेख अद्यावधिक गरी सो बक्यौता सम्बन्धमा सम्बन्धित भन्सार कार्यालयहरु तथा विभिन्न निकायहरुमा पत्राचार गरिएकोमा यस आर्थिक वर्षमा बक्यौता बैंक ग्यारेण्टी तथा फुकुवा गरी करीव रु. १३ करोड फुकुवा भएको ।

## बेरुजु फछ्र्यौट तर्फ

विभाग तथा अन्तर्गत इकाई कार्यालयहरुमा रहेका वेरुजु फछ्र्यौट तर्फ पनि यस आर्थिक वर्षमा उल्लेखनीय प्रगति भएको छ । २०६० आषाढ मसान्त तक यस विभाग र अन्तर्गत इकाई कार्यालयहरुमा महालेखा परीक्षकको विभागबाट औंल्याइएको रु. १,५३,०३,३२२.१५ वेरुजु मध्ये रु. १,३९,२३,३८१.०७ फछ्र्यौट भई ९०.९८ प्रतिशत प्रगति भएको छ ।

# राजस्व अनुसन्धान विभागबाट आर्थिक वर्ष २०६०/६१ मा सम्पन्न गरिएको मुख्य मुख्य कार्यहरु

## क. करदातालाई करमा दर्ता गरी राजस्व बुझाउन उत्प्रेरित गर्ने तर्फ

- महानगरपालिका तथा नगरपालिकामा दर्ता भएका तर करको दायरामा नआएका व्यवसायीहरु लाई करको दायरामा ल्याउनको लागि उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, स्थानीय निकायका प्रमुखहरु समेतका पदाधिकारी तथा प्रतिनिधिसंग यस विभागमा अर्न्तक्रिया गरी PAN तथा VAT मा दर्ता नभएका त्यस्ता व्यवसायीहरुलाई दर्ता गराउन आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न अनुरोध गरिएको।

- मूल्य अभिवृद्धि कर विजक लिनदिनका लागि उत्प्रेरणा जगाउने उद्देश्यले काठमाण्डौं विशालबजारमा विभागबाट टोली खटिई जनचेतना अभियान चलाइएको।

- अनिवार्य रुपमा मू.अ.कर विल जारी गराउने उद्देश्यले नेपाल उद्योग वाणिज्य संघ तथा विभिन्न व्यापारिक संघ/संगठनहरुको पदाधिकारीहरु समेतको सहभागितामा २ पटक छलफल गरिएको।

- सुनचांदी व्यवसायलाई पान तथा मू.अ.क.को दायरामा ल्याउन उक्त व्यवसाय गर्ने सुनचांदी व्यवसायीहरुसंग नेपाल चेम्वर अफ कमर्शमा अर्न्तक्रिया गरिएको।

- सामान पैठारीमा हुनसक्ने चुहावट नियन्त्रण गर्न तातोपानी क्षेत्रका प्रमुख पैठारीकर्ताहरुसंग अन्तकृया गरी पैठारीमा स्वच्छता ल्याउन प्रयत्न गरिएको।

- मोवाइल सेट खरीद बिक्रीमा हुने गरेको राजस्व चुहावट नियन्त्रण गर्न नेपाल दूरसञ्चार संस्थानले सिम कार्ड बिक्री गर्दा २०६० मार्ग १ गतेदेखि मू.अ.कर विल विजक अनिवार्य रुपमा लिई यस विभागलाई त्यस्तो विल मासिक रुपमा उपलव्ध गराउने सम्बन्धमा छलफल भई कार्यान्वयनका लागि सूचना तथा सञ्चार मन्त्रालय र दूर सञ्चार संस्थानलाई अनुरोध गर्ने निर्णय अनुसार अनुरोध गरिएको।

## ख.  आन्तरिक ओसार पसारमा हुन सक्ने राजस्व चुहावट नियन्त्रण गर्ने तर्फ

### मू. अ. कर तर्फ

- नेपालका विभिन्न शहरहरुमा बम्वै साडी मेलाको नामबाट उपहार कार्यक्रम चलाई मू.अ.कर चुहावट गरेको भनी यस विभागमा प्राप्त उजुरी बमोजिम उक्त बम्बै साडी मेलाको मू. अ. कर छानवीन गर्दा कर तथा जरिवाना वापत रु. २८,१६,७५६।- निर्धारण गरेकोमा समय भित्र भुक्तानी नगरेकोले उक्त फर्मको गोदाम पसलमा रहेको कुर्ता सलवार तथा साडीहरु कव्जामा लिइएको ।

- प्राप्त उजुरीको आधारमा पेण्टिङ सम्बन्धी काम गर्ने काठमाण्डौं बागबजार स्थित Art Centre को गोदाम तथा कागजात कव्जामा लिई छानवीन गर्दा मू. अ. कर छलेको देखिएकोले कर तथा जरिवाना गरी रु. ३,२८२।- असुल उपर गरिएको ।

- प्राप्त उजुरीको आधारमा पेण्टिङ सम्बन्धी काम गर्ने काठमाण्डौं बागबजार स्थित Digital Media को गोदाम तथा कागजात कव्जामा लिई छानवीन गर्दा मू. अ. कर छलेको देखिएकोले कर तथा जरिवाना गरी रु. ५५,०९५।- असुल उपर गरिएको ।

- प्राप्त उजुरीको आधारमा पेण्टिङ सम्बन्धी काम गर्ने काठमाण्डौं कोपुण्डोल स्थित कला श्री पेण्टको गोदाम तथा कागजात कव्जामा लिई छानवीन गर्दा मू. अ. कर छलेको देखिएकोले कर तथा जरिवाना गरी रु. ११,७०८।- असुल उपर गरिएको ।

- सिंघल इण्टरनेशनल, काठमाण्डौंको मू.अ.कर कारोबार सम्बन्धमा उक्त फर्मको मू.अ.कर खाता वही कव्जामा लिई अनुसन्धान भएकोमा रु. ३२,०३,५६०।- बराबरका सामानहरु विना विल विजक कारोबार गरेको देखिएकोले मू.अ.कर निर्धारण गरी जरिवाना समेत असुल गरिएको ।

- काठमाण्डौं कोटेश्वर स्थित मू.अ.कर दर्ता नं. ५००१६४६०६ का करदाता श्री श्रेष्ठ इटटरप्राइजेज प्रा.लि. ले मू.अ.कर छल्ने उद्देश्यले मू.अ.कर विजक विना सामान बिक्री गरेको देखिएकोले मू.अ.कर ऐन अनुसार रु. १,२६,१६४।- र शत प्रतिशत जरिवाना रु. १,२६,१६४।- समेत जम्मा रु. २,५२,३२८।- असुल उपर गरिएको ।

- काठमाण्डौं मिनभवन स्थित मू.अ.कर दर्ता नं. ३००१४८१०१ का करदाता श्री प्लाई हाउसले मू.अ.कर छल्ने उद्देश्यले लुज विल प्रयोग गरी सामान बिक्री गरेको तथा आफ्नो पसल तथा गोदाममा रहेका सामान खातामा प्रविष्टी नगरी लेखा समेत अद्यावधिक नराखी कारोबार गरेको देखिएकोले लुज विल अनुसारको रकमको मू.अ.कर ऐन अनुसार रु. २,४३,६४३।- र शत प्रतिशत जरिवाना रु. २,४३,६४३।- समेत जम्मा रु. ४,८७,२८६।- असुल गर्नुका साथै मू.अ.कर खातामा सामान प्रविष्टी नगरी राखेकोले मू.अ.कर ऐन अनुसार रु. १०,०००।- जरिवाना गरी असुल उपर गरिएको ।

- काठमाण्डौं जिल्ला महाबौद्ध स्थित मू.अ.कर दर्ता नं. ३००१६३८२६ का करदाता श्री श्रेष्ठ प्लाइउड ट्रेडर्सको खातापाता स्टक लिई हुनुपर्ने स्टक भन्दा कम स्टक पाइएकोले मू.अ.कर ऐन अनुसार रु. ३५,०३८।- र शत प्रतिशत जरिवाना रु. ३५,०३८।- समेत जम्मा रु. ७०,०७६।- असुल उपर गरिएको ।

- विशालबजार स्थित मू.अ.कर दर्ता नम्वर ३००१४८१९८ का सन्तोष ट्रेडर्सको कारोबार छानवीनको सिलसिलामा ५२ थान मोवाइलको पैठारी तथा खरीद श्रोत नखुलेकोले भन्सार ऐन अनुसार उक्त मोवाइल कब्जामा लिई विगो बमोजिमको जरिवाना रु. १,९३,२८४।- र कैद वापत रु. ४५,०००।- धरौटी लिइएको ।

- न्यूरोड स्थित मू.अ.कर दर्ता नम्वर ३००१५१६०८ का फोटोम्याक्सको मू.अ.कर कारोबार छानवीनको क्रममा ८ थान मोवाइलको पैठारी तथा खरीद श्रोत नखुलेकोले भन्सार ऐन बमोजिम उक्त मोवाइल कब्जामा लिई विगो बमोजिमको जरिवाना रु. २९,७३६।- र कैद वापत रु. ४५,०००।- धरौटी लिइएको ।

- काठमाण्डौं वसुन्धरा स्थित मू.अ.कर दर्ता नं. ३००१६९४८३ का करदाता प्लाइउड स्टोर्सले लुज विलको प्रयोग गरी मू.अ.कर छलेको आशंकामा यस विभागबाट लुज विल समेतको गणना गरी रु. रु. ३,४७,५६,१२८।८६ कर निर्धारण भएकोमा उक्त कर निर्धारण आदेश उपर चित्त नबुझाई आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकिय पुनरावलोकनको लागि निवेदन दिएको कारणबाट निर्धारित कर असुल भै नसकेको ।

- सामाखुसी स्थित मू.अ.कर दर्ता नं. ३००१५८५५१ का विजयता ट्रेडिङले मू.अ.कर विजक जारी नगरी बिक्री गरेकोमा मू.अ.कर ऐन अनुसार मू.अ.कर र जरिवाना गरी रु. ४३,८१२।- असुल गरेको ।

- विशालबजार स्थित मू.अ.कर नं. ५००००९२९५ का ए वन इण्टरनेशनलको मू.अ.कर सम्बन्धी छानवीन गर्दा मू.अ.कर विजक जारी नगरी मू.अ.कर छलेकोले मू.अ.कर ऐन अनुसार मू.अ.कर र जरिवाना गरी रु. १,११,०२८।- असुल गरिएको ।

- न्यूरोड पशुपतिप्लाजा स्थित मू.अ.कर दर्ता नं. ३०१३९९९८६ का न्यू ओभरसिज इलेक्ट्रोनिक्सको मू.अ.कर कारोबारको छानवीनको गर्दा ठीक पाइएको ।

- न्यूरोड स्थित मू.अ.कर दर्ता नं. ३००१५१६०८ का फोटोम्याक्सको मू.अ.कर कारोबारको छानवीन गर्दा मू.अ.कर विजक जारी नगरी विक्री गरेकोले मू.अ.कर ऐन अनुसार मू.अ.कर र जरिवाना सहित रु. ७१,००४।- असुल गरिएको ।

- काठमाण्डौं विशालबजार स्थित मू.अ.कर नम्वर ३००१५७०७९ का शिव इम्पेक्सको मू.अ.कर कारोबार छानवीनको क्रममा खातापाता कव्जामा लिई छानवीन गर्दा मू.अ.कर छलेकोले मू.अ.कर ऐन अनुसार मू.अ.कर र जरिवाना गरी रु. ४९,३८६।- असुल उपर गरिएको ।

- काठमाण्डौं न्यूरोड स्थित मू.अ.कर दर्ता नम्वर ३००१५१६७९ का स्क्वायर टि.भी. को मू.अ.कर कारोबार छानवीनको सिलसिलामा खातापाता कव्जामा लिई छानवीन गर्दा मू.अ.कर छलेकोले मू.अ.कर ऐन अनुसार मू.अ.कर र जरिवाना गरी रु. २,५१,६४६।- असुल उपर गरिएको ।

- काठमाण्डौं विशालबजार स्थित मू.अ.कर दर्ता नं. ३००१५७८०२ का प्रदिप स्टोर्सको मू.अ.कर कारोबार छानवीन गरी मू.अ.कर र जरिवाना गरी रु. ५६,४१०।- असुल उपर गरिएको ।

- न्यूरोड स्थित मू.अ.कर दर्ता नम्वर ३००१५१६०८ का फोटोम्याक्सको मू.अ.कर कारोबार छानवीनको क्रममा ८ थान मोवाइलको पैठारी तथा खरीद श्रोत नखुलेकोले भन्सार ऐन बमोजिम उक्त मोवाइल कव्जामा लिई विगो बमोजिमको जरिवाना रु. २९,७३६।- असुल गरिएको ।

- काठमाण्डौं न्यूरोड स्थित लिवर्टी र मखन स्थित तिरुपतीले मू.अ.कर विजक जारी नगरी विभिन्न सामान विक्री गरेकोमा मू.अ.कर ऐन अनुसार मू.अ.कर र जरिवाना गरी रु. ४३,४३९।- असुल गरेको ।

- सामाखुसी स्थित काठमाण्डौं हार्डवेयरले मू.अ.कर विजक जारी नगरी हार्डवेयर सम्बन्धी सामानहरु बिक्री गरेकोमा मू.अ.कर ऐन अनुसार मू.अ.कर र जरिवाना गरी रु. ३,१३,१३०।- असुल गरेको ।

- न्यूरोड स्थित मू.अ.कर दर्ता नम्वर ३००१४८१९८ का सन्तोष स्टोर्सले मू.अ.कर विजक जारी नगरी विभिन्न इलेक्ट्रोनिक सामान विक्री गरेकोमा मू.अ.कर ऐन अनुसार मू.अ.कर र जरिवाना गरी रु. ७८,९३२।- असुल गरेको ।

- काठमाण्डौं टेकु स्थित राजेश हार्डवेयरको सिमेण्ट सम्बन्धी मू.अ.कर कारोबार छानवीनको सिलसिलामा खातापाता, विल विजक कब्जामा लिई अनुसन्धान गरिएकोमा मू.अ.कर कारोबार भिडेकोले कब्जामा लिइएका कागजातहरु फिर्ता दिइएको ।

- मू.अ.कर छानवीनको सिलसिलामा बुटवल सिमेण्ट्स मिल्स प्रा. लि. को काठमाण्डौं त्रिपुरेश्वर स्थित कार्यालय र सतुंगल स्थित शाखा कार्यालयमा रहेका विल विजक, खातापाता कब्जामा लिई अनुसन्धान गरिएकोमा मू.अ.कर कारोबार भिडेकोले कब्जामा लिइएका कागजातहरु फिर्ता दिइएको ।

- ए.वि.सी. इण्टरनेशनल प्रा. लि. र ए.वि.सी. इण्टरनेशनल सर्भिस (कुरियर) को मू.अ.कर कारोबार छानवीनको गर्दा उक्त फर्मले ग्राहकहरुबाट मू.अ.कर विजक जारी गरी भुक्तानी लिनु पर्नेमा सो गरेको नदेखिएकोले मू.अ.कर ऐन बमोजिम जरिवाना समेत रु. ४५,४२२।- कर निर्धारण गरी असुल उपर गराइएको ।

- काठमाण्डौं बालुवाटार स्थित सुविसु केवल नेट प्रा. लि. ले ऐन नियम अनुसार नपाउने क्रेडिट दावी गरेको तथा टिपिन नं. उल्लेख नभएका विजक समेतमा क्रेडिट दावी गरी मू.अ.कर छलेको देखिएकोले उक्त फर्मबाट मू.अ.कर र जरिवाना गरी रु. २,१७,९४७।- असुल उपर गर्ने गरी मू.अ.कर निर्धारण गरिनुका साथै चालु आर्थिक वर्षमा TDS वापतको रकम कम भुक्तानी गरेको देखिएकोले रु. ६७,२३२।- धरौटीमा लिई आवश्यक कारवाही भैरहेको ।

- न्यूरोडस्थित श्री गणेशजी कार्तिकीजीको मू.अ.कर कारोबार छानवीनको सिलसिलामा पसल तथा गोदाममा शिल लगाई कागजात कब्जामा लिई अनुसन्धान गर्दा उक्त फर्मले मू.अ.कर छलेको देखिन आएकोले मू.अ.कर ऐन बमोजिम जरिवाना सहित रु. २,९०,५९०।- कर निर्धारण गरी असुल उपर गराइएको ।

- न्यूरोड स्थित सौरभ फोटो इण्टरनेशनलले व्यक्तिगत नाउंमा विल जारी गरी व्यापारिक सामान वीरगञ्ज पठाएकोमा छानवीन गरी उक्त फर्मबाट आयकर वापत रु. १६,२००।- धरौटी लिईएको ।

- काठमाण्डौं टेकु रोड स्थित पहिलेको पूजा रोडवेज र जयनेपाल ट्रान्सपोर्टले भन्सार चोरी पैठारी गरी ल्याएको सामानको कारोबार गरेको छ भनी प्राप्त उजुरीको आधारमा उक्त रोडवेजको अफिस तथा गोदाममा रहेका कागजात तथा सामानहरुको स्टक लिई आवश्यक कारवाही भैरहेको ।

- मार्वल, चिप्स तथा हार्डवेयर सम्बन्धी कारोबार गर्ने काठमाण्डौं कोटेश्वर स्थित कृष्णा ट्रेडिङको मू.अ.कर कारोबार छानवीनको सिलसिलामा खातापाता, विल विजक कब्जामा लिई अनुसन्धान भैरहेको ।

- काठमाण्डौं बसुन्धरा स्थित प्लाइउड स्टोर्सले मू. अ. कर छलेको उजुरीको आधारमा उक्त फर्मको मू.अ.कर खाता वही तथा लुज विल समेत कब्जामा लिई कर निर्धारण गरिएकोमा उक्त फर्मले यस विभागबाट भएको कर निर्धारण आदेशको विरुद्धमा श्रीमान् महानिर्देशकज्यू, आन्तरिक राजस्व विभागमा पुनरावलोकनका लागि दिएको निवेदन उपर कारवाही हुंदा लुज विलको गणनाबाट गरेको कर निर्धारण आदेश मिलेको नदेखिंदा पुनः कर निर्धारणको लागि आदेश भए बमोजिम रु. ८,२२,१६५।- पुनः कर निर्धारण भएको ।

- काठमाण्डौं इन्द्रचोक स्थित भारतीय कपडा सम्बन्धी कारोबार गर्ने सुद्रानिया इम्पेक्सको भन्सार तथा मू.अ.कर कारोबार छानवीनको सिलसिलामा खातापाता, विल विजक तथा स्टक विवरण कब्जामा लिई अनुसन्धान भैरहेको ।

- मोरङ विराटनगर स्थित मयुर विस्कुट इण्डष्ट्रिजले मू. अ. कर छलेको आशंकामा उक्त उद्योगको मू.अ.कर कारोबार छानवीनको सिलसिलामा उक्त उद्योग स्थल र गोदाममा रहेको खातापाता, विल विजक तथा स्टक विवरण कब्जामा लिई अनुसन्धान भैरहेको ।

<u>भन्सार तर्फ</u>

- त्रि.वि. स्थल भन्सार कार्यालयको गोदाममा आएका सामानहरुको निरीक्षण गर्दा आयात इजाजत विना पैठारी गरेको मोवाइल रोक्का राखी कारवाही चलाएको ।

- त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट पैठारी भएको कम्प्युटर पार्टस् विभागको रोहवरमा खोली हेर्दा घोषणा गरेभन्दा बढी शक्ति (MB) को कम्प्युटर चिप्स (RAM) फेला परेकोले जरिवाना सहित राजस्व असुल गराएको ।

- यस आ. ब. मा भन्सार चोरी पैठारी अनुसन्धानको सिलसिलामा पक्राउ गरिएका तथा दाखिला हुन आएका ६० वटा सवारी तथा ढुवानी साधनहरु मध्ये २६ वटाको कारवाही टुंग्याई १० वटा साधन भन्सार ऐन बमोजिम जफ्त गरी १६ वटा सम्बन्धित धनीलाई फिर्ता दिइएको । बांकी ३४ वटाको सम्बन्धमा अनुसन्धान कारवाही जारी रहेको ।

- वीरगञ्ज भन्सार कार्यालयको प्र.द.नं LKA ९७५८ मिति २०६०/७/२२ बाट श्री क्यारियर्सले ढुवानी गरी ल्याएको सामान शंका लागी चेकजांच गर्दा प्रज्ञापन पत्रमा घोषणा नभएका विभिन्न किसिमका मोटर पार्टस् फेला परेकोले उक्त मोटर पार्टस् कब्जामा लिई भन्सार ऐन अनुसार मालधनी बाट विगो बमोजिम रु. २,०४,७३०।- र कैद वापत रु. ४५,०००।- धरौटी लिई भिडेको सामान छाडी अन्य आवश्यक कानूनी कारवाही भैरहेको ।

- तातोपानी भन्सार कार्यालयको प्र.द.नं ४८८८, ४८९४, ४८४७, ४८९१, ४८४२, ४८४५, ४७४०, ४७४१ र ४८२६ मिति २०६०/७/२७ मा जांच पास भै ११ वटा विभिन्न कण्टेनरमा आएको सामानहरु यस विभागबाट खटीगएका अधिकृत तथा कर्मचारीले कब्जामा लिई चेकजांच गर्दा प्रज्ञापनपत्रमा घोषणा भए अनुरुप भिडेता पनि प्रज्ञापन पत्र साथ प्याकिङ लिष्ट र इन्भ्वाइस नभएकोले आवश्यक निर्देशनका लागि भन्सार विभागमा लेखी पठाइएको ।

- यस विभाग अन्तर्गत थानकोट चेकपोष्टले मिति २०६०/९/२ का दिन काठमाण्डौं तर्फ आउने यात्रु बसको चेकजांच गर्ने सिलसिलामा कांकडभिट्टाबाट आएको बसमा वेवारिसे अबस्थामा फेला परेको ९४ पाकेट सोलो र ७२ पिस साडी यस विभागमा दाखिला गरेकोमा आवश्यक कानूनी कारवाही भैरहेको ।

- तातोपानी भन्सार कार्यालयको प्र.द.नं. ६८८२, ६८७८, ६८७९, ६८८०, ६८८१, ६९१९, ६८७७ मिति २०६०/९/२५ बाट सौरभ इम्पेक्स, काठमाण्डौंको नाउंमा पैठारी भै आएको मालवाहक ट्रक पक्राउ गरी यस विभागमा ल्याई चेकजांच गर्दा प्रज्ञापनपत्रमा घोषणा भए बमोजिमको सामान भिडेकोले सामान तथा ढुवानी साधन छाडिएको ।

- तातोपानी भन्सार कार्यालयको प्र.द.नं. ६८७५, ६८८३, ६८८५, ६८७६, ६८८४, ६८८६ र २९०७ मिति २०६०/९/२५ का दिन लुना इण्टरप्राइजेज समेतको नाममा पैठारी भै ना. २

ख २३२६ तथा ३१९६ नं. को मालवाहक ट्रकहरु यस विभागबाट खटिईगएका कर्मचारीहरुले पक्राउ गरी यस विभागमा ल्याई चेकजांच गर्दा प्रज्ञापन पत्रमा घोषणा भए अनुसार भिडेकोले छाडिएको ।

- यस विभाग अन्तर्गत थानकोट चेकपोष्टले जे.वी. ट्रान्सपोर्टले को १ ख १०९६ को ट्रकमा ढुवानी गरी ल्याएको सामान यस विभागमा दाखिला गरेकोमा चेकजांच गर्दा विलमा Lime Colour भनी उल्लेख भएको तर सामान Cement Paint देखिएकोले उक्त दुबै सामानको फरक मूल्यमा मू.अ.कर र जरिवाना धरौटी लिइएको ।

- जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकले दाखिला गरेको ना. २ ख २५११ को कण्टेनर चेकजांच गर्दा चोरी पैठारीको अबस्थामा ५० के.जी. पश्मिना धागो फेला परेकोमा उक्त पश्मिना धागो कब्जामा लिई अभियुक्त मंगल तामाङसंग विगो बमोजिम रु. १,००,०००।- धरौटी लिई तारेखमा छाडिएको ।

- यस विभाग अन्तर्गत थानकोट चेकपोष्टले यात्रु बसको चेकजांच गर्ने सिलसिलामा वेवारिसे अबस्थामा ११ दर्जन भुवादारी तौलिया र ३०६ थान अन्य रेशाको साडी वरामद गरी दाखिला गरेकोमा उक्त सामानहरु कब्जामा लिई आवश्यक अनुसन्धान भैरहेको ।

- विराटनगरबाट चामल ढुवानी गरी आएको ना. २ ख ८२०० नं. को ट्रक आकष्मिक चेकजांच गर्दा २५ अदत कपडा फेला परेको भनी थानकोट चेकपोष्टले आवश्यक कारवाहीका लागि दाखिला गरेकोमा रु. ५,९५,०००।- विगो कायम गरी भन्सार ऐन बमोजिम कारवाही गरेको ।

- बीरगञ्जबाट चामल ढुवानी गरी आएको ना. १ ख ५१७९ नं. को ट्रक आकष्मिक चेकजांच गर्दा ८ अदत कपडा फेला परेको भनी थानकोट चेकपोष्टले आवश्यक कारवाहीका लागि दाखिला गरेकोमा रु. २,३८,०००।- विगो कायम गरी भन्सार ऐन बमोजिम कारवाही गरेको ।

- मेची भन्सार कार्यालयको प्र. द. नं. ९८० बाट जांचपास भै आएको टेक्स्टायल फेव्रिक्स यस विभाग अन्तर्गत थानकोट चेकपोष्टले आवश्यक चेकजांचका लागि दाखिला गरेकोमा प्रज्ञापनपत्रमा घोषणा भए अनुसारकै सामान भिडेकोले चेकजांच गरी छाडेको ।

- वीरगञ्जबाट काठमाण्डौं तर्फ ना. २ ख १०९७ नं. को ट्रकले ढुवानी गरील्याएको मालबस्तु अपराध अनुसन्धान शाखा, हनुमानढोकाले शंकास्पद भनी आवश्यक चेकजांचका लागि यस

विभागमा दाखिला गरेकोमा प्रज्ञापन पत्र तथा मू.अ.कर विल विजकसंग सामान भिडेकोले छाडिएको ।

- विराटनगरबाट चामल ढुवानी गरी आएको ना. २ ख ८२०० नं. को ट्रक आकष्मिक चेकजांच गर्दा २५ अदत कपडा फेला परेकोमा रु. ५,९०,००६।- विगो कायम भै कैद वापत रु. ४५,०००।- गरी जम्मा रु. ६,३५,००६।- धरौटी माग गरेकोमा जेथा जमानी प्राप्त भएकोले ढुवानी साधनका ड्राइभर तारेखमा रहेको ।

- सुरक्षा प्रहरी चौकी थानकोटले गौर भन्सार कार्यालयबाट जांचपास भै काठमाण्डौं ल्याएको ढुवानी साधन पक्राउ गरी यस विभागमा दाखिला गरेकोमा भौतिक चेकजांच गर्दा भिडेकोले छाडिएको ।

- अपराध अनुसन्धान शाखा, हनुमानढोकाले वीरगञ्ज भन्सार कार्यालयबाट जांचपास भै ना. २ ख १०९७ नं. को ट्रकमा ढुवानी गरी ल्याएको सामान पक्राउ गरी यस विभागमा दाखिला गरेकोमा मू.अ.कर खाता पाता र पज्ञापन पत्र भिडाई चेकजांच गर्दा भिडेकोले छाडिएको ।

- हिरा जवाहिरातको कारोबार गर्ने न्यूरोड स्थित सयपत्री ज्वेलर्सको विल विजक छानवीन गर्दा पैठारी श्रोत खुल्न नसकेको जवाहिरातहरुको रु. १,०३,४४०।- विगो कायम गरी जरिवाना समेत रु. २,०६,८८०।- र कैद वापत रु. ४५,०००।- धरौटी लिई आवश्यक कारवाही भैरहेको ।

- का.म.न.पा. २४ प्युखा न्यूरोड स्थित आर.वि. इण्टरप्राइजेजले वहुमूल्य धातु, हिरा, जवाहिरात तथा पन्ना जस्ता धातुहरु चोरी पैठारी गरी कारोबार गरेको छ भनी प्राप्त उजुरीको आधारमा उक्त फर्ममा रहेका पैठारी श्रोत नखुलेका अन्दाजी रु. १,५०,००,०००।- बराबरका हिरा जवाहिरात कब्जामा लिई विगो बमोजिमको जेथा जमानी लिई अनुसन्धान कारवाही भैरहेको ।

- काठमाण्डौं नयां सडक स्थित फोटो कन्सर्नले स्थानीय बजारमा बिक्री गरेको १५० थान डिजिटल क्यामेराको पैठारी श्रोत खुलाउन नसकेकोले पछि ठहरे बमोजिम हुने गरी भन्सार ऐन बमोजिम विगो, जरिवाना र कैद वापत गरी रु. ७२,४५,०००।- धरौटी लिई कारवाही भैरहेको ।

- विराटनगर स्थित हरि ट्रेड लिंकले काठमाण्डौं तर्फ ढुवानी गरी ल्याएको विभिन्न भारतीय कपडाहरु रहेको ढुवानी साधन यस विभागले चेकजांच गर्दा पैठारी श्रोत नखुलेको कपडा समेत फेला परेकोले पछि ठहरे बमोजिम हुने गरी भन्सार ऐन बमोजिम सामान कब्जामा लिई विगो बमोजिमको जरिवाना र कैद वापत गरी रु. २,६५,५२८।- धरौटी लिई भिडेको सामान र ढुवानी साधन छाडिएको ।

- पेन टर्च ब्याट्री समेत चोरी पैठारी गरेकोमा भन्सार ऐन बमोजिम सामान जफ्त गरी विगो बमोजिम रु. १,७७,१६०।- जरिवाना गरी सामान लिलाम गरिएको ।

- बुद्ध अटोमोवाइल्स काठमाण्डौंले पैठारी गरी ल्याएको मोटर पार्टस्को मूल्य न्यून देखिएकोले पुनरावलोकनको लागि भन्सार विभागमा पठाइएकोमा विभागले उक्त मूल्यांकन पुनरावलोकनको लागि वीरगञ्ज भन्सार कार्यालयमा पठाइएको जानकारी प्राप्त भएको ।

- जिल्ला प्रहरी कार्यालय, धुलीखेलले खासातर्फबाट आएको कण्टेनरमा लगाएको शिल शंकास्पद भएको भनी यस विभागमा दाखिला गरेकोमा उक्त कण्टेनर खोली हेर्दा ५० के.जी. पश्मिना धागो चोरी पैठारी गरेको ठहरी वरामद भै विगो बमोजिम जरिवाना धरौटी लिई थप अनुसन्धान भैरहेको ।

- एभरेष्ट रोडवेजका प्रो. राम बाबु साहले ढुवानी गरी ल्याएको सामान घोषणा भन्दा बढी फेला परेकोमा फेला परेको सामान जफ्त गरी रु. ७०,८९४।- जरिवाना गरिएको ।

- यस विभागले पक्राउ गरी दाखिला गरेको जेण्टामाइसिन समेतका सामानहरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयले कानूनी प्रक्रिया पुऱ्याई लिलाम पश्चात प्राप्त सुराकी तथा प्रतिवेदक कमिशन यस विभागबाट वितरण भएको ।

## ग. राजस्वसंग सम्बन्धित विभागसंग समन्वय राख्ने तर्फ

- काठको कारोबार (आयात/निर्यात) गर्ने फर्महरुको २ महिनाको कारोबारको तथ्यांक संकलन, प्रविष्टी तथा प्रशोधन गरी सो को डिस्केट आन्तरिक राजस्व विभागमा पठाइएको ।

- चोरी पैठारी नियन्त्रण गर्नका लागि प्रहरी निकायका प्रमुख, भन्सार विभागका महानिर्देशक समेतसंग चोरी पैठारी नियन्त्रण सम्बन्धी रणनीति विषयमा आपसी छलफल गरिएको ।

- जिल्ला प्रहरी कार्यालय, भक्तपुरको प. सं. अ.अ./१२/०६०/६१ च. नं. १५९२, मिति २०६०/९/१० को पत्रसाथ तातोपानी भन्सार कार्यालयबाट मालसामान ढुवानी गरिल्याएको बा. १ ख ५१५८ नं. को ट्रक यस विभागमा ल्याएकोमा चेकजांच गर्दा चप्पल तथा लेडिज सेण्डिलको मूल्य न्यून देखिएकोले सो सम्बन्धमा भन्सार विभागमा लेखी पठाइएको ।

- विराटनगर भन्सार कार्यालयको प्र.द.नं ६३५९ मिति २०६०/८/३ को प्रज्ञापन पत्रबाट जांचपास भएको सामान पवन ट्रान्सपोर्टले ढुवानी गरी ल्याएको मोटर पार्टस् कब्जामा लिई चेकजांच गर्दा परिमाण प्रज्ञापन पत्र अनुसार भिडेतापनि मोटर पार्टस्को मूल्यांकन ज्यादै न्यून देखिएकोले आवश्यक निर्देशन एवं कारवाहीको लागि भन्सार विभागमा लेखी पठाइएको ।

- यस विभाग अन्तर्गत थानकोट चेकपोष्टले बसहरुको छड्के चेकजांच गर्दा पान नं. ३००७६५३३९ किसान सुर्ती उद्योग, जलेश्वर महोत्तरीले क्रेताको स्थायी लेखा नं. उल्लेख नगरी रामकुमार मैतीदेवी, काठमाण्डौंको नाउमा सम्राट सुर्ति ८ (आठ) पोका बिक्री गरेकोमा आवश्यक कारवाहीको लागि यस विभागमा दाखिला गरेकोमा मालधनीले दावी गर्न आएकोमा सुर्तिजन्य बस्तुहरु अन्त:शुल्क इजाजत लिएर मात्र कारोबार गर्नुपर्ने भएकोले आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व विभागमा लेखी पठाइएको ।

- यस विभागबाट खटिई गएको टोलीले तातोपानी भन्सार कार्यालयबाट जांचपास भै सामान ढुवानी गरीआएको ना. २ ख ३५८९, ना. २ ख २९७३, ना. २ ख ७७२६, बा. २ ख ३३५८, ना. २ ख ४७६५, ना. २ ख ३९६ का कण्टेनरहरु अरनिको राजमार्गबाट पक्राउन गरी चेकजांच गर्दा ना. २ ख ३९६ नं. को कण्टेनरमा ढुवानी गरी ल्याएको लिजुवा इण्टरनेशनलको नाउंमा जांचपास भएको सामान चेकजांच गर्दा ४०० जोर ठूलो स्पोर्टस जुत्तालाई सानो जुत्ता भनी घोषणा गरी जांचपास गरेको पाइएबाट जुत्ताको मूल्यांकन कम भएको मूल्यमा नियमानुसार लाग्ने कर, महसुल तथा शुल्क वापत रु. ४८,५५७१५२ धरौटी लिई छाडिएको । साथै ढुवानी साधन कण्टेनरबाट आएका सामानहरुका सम्बन्धमा प्रज्ञापन पत्रसाथ समावेश हुनुपर्ने कागजात समावेश नभएको विषयमा भन्सार विभागलाई लेखी पठाइएको ।

- जिल्ला प्रहरी कार्यालय, भक्तपुरले तातोपानी भन्सार कार्यालयबाट जांचपास भै काठमाण्डौं तर्फ ढुवानी भै आएको सामान राजस्व चुहावट भएको भनी यस विभागमा दाखिला हुन आएकोमा जांचपासमा संलग्न कर्मचारीहरुबाट लापर्वाही गरेको देखिएकोले आवश्यक कारवाहीका लागि भन्सार विभागमा लेखी पठाइएको ।

- जिल्ला प्रहरी कार्यालय, काठमाण्डौंको प. सं. ०६०/६१ च. नं. ५१२८ मिति २०६०/८/२८ को पत्रबाट तातोपानी भन्सार कार्यालयबाट विभिन्न फर्मको नाउंमा पैठारी भै आएको ना. २ ख ५४८, बा. १ ख ३२२२, ना. १ ख ७१९८, ना. २ ख ३५८८, ना. २ ख ४११३, ना. २ ख ४८४२, बा. १ ख ६१९१ का मालबाहक गाडीहरु यस विभागले चेकजांच गर्दा प्रज्ञापनपत्रमा घोषणा भए अनुसारका सामानहरु भिडेतापनि केही सामानको वर्गिकरण, महसुल छुट, तथा सामानको नाम स्पष्ट नभएकोले आवश्यक कारवाहीका लागि भन्सार विभागमा लेखी पठाइएको ।

- मिति २०६०/९/२५ का दिन यस विभागबाट खटिई गएका कर्मचारीहरुले तातोपानी भन्सार कार्यालयको प्र.द.नं. ६८८७ मिति २०६०/९/२५ बाट कोदारी विजनेस ट्रेडको नाउंमा पैठारी भै आएको सामान चेकजांच गर्दा जुत्ताको मूल्य न्यून देखी आवश्यक कारवाहीको लागि भन्सार विभागमा लेखी पठाइएको ।

- मिति २०६०/९/३ का दिन यात्रु बस चेकजांच गर्ने क्रममा यस विभाग अन्तर्गतको थानकोट चेकपोष्टले धरानबाट काठमाण्डौं तर्फ आएको वसमा ३०० के.जी. (२० बोरा) गोल्डेन ब्राउन खैनी पक्राउ गरी आवश्यक कारवाहीको लागि यस विभागमा दाखिला गरेकोमा सम्बन्धित फर्मले पेश गरेको कागजातहरु अध्ययन गर्दा क्रेता बिक्रेताले कर सम्बन्धी सबै प्रकृया पुरा गरेको देखिएकोले सुर्ति फिर्ता दिई सो को जानकारी आन्तरिक राजस्व कार्यालय, सुनसरीलाई दिइएको ।

- काठमाण्डौं जिल्ला पुतलीसडक स्थित स्थायी लेखा नम्बर ५००२१५०५४ का सिद्धी प्लाई ट्रेडर्सको खातापाता विल विजक कब्जामा लिई छानवीन गर्दा मू.अ.करमा दर्ता नभएको फर्मको कारोबार छानवीन गर्न कब्जामा लिइएको कागजातको फोटोकपि संलग्न राखी कारवाही गर्न आन्तरिक राजस्व विभागमा लेखी पठाइएको ।

- स्थायी लेखा नम्वरमा दर्ता नगरी आन्तरिक व्यापार गरी हिडेको श्री के. सी. कस्मेटिक लाई यस विभाग अन्तर्गत थानकोट चेकपोष्टले रोकी आवश्यक कारवाहीको लागि यस विभागमा दाखिला गरेकोमा रु. १,५००।- धरौटी लिई कर दर्ता हुनको लागि पठाइएकोमा आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. २ मा दर्ता भएको जानकारी प्राप्त भएको ।

- उदती इण्टरप्राइजेज प्रा. लि. ले बुझाउनु पर्ने कर नबुझाएको भनी आन्तरिक राजस्व कार्यालय, सिमराले आन्तरिक ओसार पसार रोक्का राखिदिने अनुरोध गरे अनुसार ना. २

ख ४३१५ नं. को ट्रकमा ढुवानी गरी ल्याएको सामान यस विभागले हालसम्म रोकी सो को जानकारी आन्तरिक राजस्व कार्यालय, सिमरालाई पठाइएको ।

- यस विभागबाट आ. ब. २०५९/६० मा कारोबारको आयतन अनुसार मु.अ.कर मा दर्ता हनुपर्ने विषयमा छानवीन गर्ने तथा यस विभागबाट केही फर्महरुको मू.अ.कर निर्धारण गरिएकोमा के कति आयकर असुल उपर भयो भन्ने समेतका विषयमा आवश्यक जानकारीका लागि सम्बन्धित फर्महरुको नामावली सहित श्री आन्तरिक राजस्व विभागमा लेखी पठाइएकोमा विभागबाट सबै आ.रा. कार्यालयहरुलाई कर असुली भएको विषयमा राजस्व अनुसन्धान विभागलाई जानकारी दिने गरी हालै परिपत्र गरेको जानकारी प्राप्त भएको ।

- न्यूरोडस्थित प्रकाश रोडवेजको कारोबार छानवीनको सिलसिलामा खातापाता कव्जामा लिई अनुसन्धान पश्चात फर्मको यस आर्थिक वर्षको कारोबार रकम र भाडा भरौट वापतको भुक्तानी रकम एकीन गरी आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व विभागमा लेखी पठाइएको ।

- न्यूरोडस्थित पूजा रोडवेजको कारोबार छानवीनको सिलसिलामा खातापाता कव्जामा लिई अनुसन्धान पश्चात फर्मको यस आर्थिक वर्षको कारोबार रकम र भाडा भरौट वापतको भुक्तानी रकम एकीन गरी आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व विभागमा लेखी पठाइएको ।

- खिचापोखरी स्थित विक्रान्त रोडवेजको कारोबार छानवीनको सिलसिलामा खातापाता कव्जामा लिई अनुसन्धान पश्चात फर्मको यस आर्थिक वर्षको कारोबार रकम र भाडा भरौट वापतको भुक्तानी रकम एकीन गरी आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व विभागमा लेखी पठाइएको ।

- पायोनियर प्लास्टिक ईण्डष्ट्रिज प्रा. लि. ले पोरखेल प्लास्टिक्स, नारायणगढको नाउंमा प्लास्टिक भनी विजक जारी गरी सामान पठाएकोमा चेकजांच गर्दा प्लास्टिकको झोला फेला परेकोले अन्तःशुल्क छुट भएको विषयमा आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व कार्यालय, भक्तपुरमा लेखी पठाएको ।

- न्यूरोड स्थित बिक्रान्त रोडवेजको मू.अ.कर र आयकर कारोबार छानवीनको सिलसिलामा खातापाता कव्जामा लिई अनुसन्धान पश्चात फर्मको यस आर्थिक वर्षको कारोबार रकम र

भाडा भरौट वापतको भुक्तानी रकम एकीन गरी आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व विभागमा लेखी पठाइएको ।

## घ. विदेशी विनिमय अपचलन नियन्त्रण गर्ने तर्फ

- विदेशी मुद्रा नल्याउने निकासीकर्ताहरुलाई तयारी पोशाक संघ मार्फत ताकेता गरिएको ।

- गोल्ड क्वेष्ट इण्टरनेशनलले नेपालीहरुलाई सदस्य बनाई सो वापत तिरेको रकम अवैध तरिकाले अमेरिकी डलर विदेश लगेको तथा सदस्यहरुलाई सुनको सिक्का प्रदान गर्ने स्किम बनाई त्यस्ता सिक्काहरु अवैध तरिकाले नेपाल आयात गरी राजस्व चुहावट गरेको भन्ने सम्बन्धमा प्रहरीबाट आवश्यक कारवाहीका लागि यस विभागमा पेश भएकोमा सो सम्बन्धमा विदेशी विनिमय अपचलन तर्फ करीव ५३ करोड र राजस्व चुहावट तर्फ करीव २८ करोड विगो कायम गरी मुद्धा दायर गरिएको ।

- विदेशी मुद्रा अवैध कारोबारको अभियोगमा डोन्ना मारिई ग्लेन इम्सन समेतलाई विपक्षी बनाई रु. ५३,५८,७५,०००।- विगो कायम गरी मिति २०६०/७/११ मा श्री काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

- विदेशी मुद्राको अवैध कारोबार सम्बन्धमा इटालियन नागरिक Bollane Sivlia उपर रु. ३२,३९,००४।- विगो कायम गरी मिति २०६०/७/१४ मा काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

- ताइवानी नागरिक Perng Chang Yah लाई विदेशी विनिमय अमेरिकी डलर २,०००।- को अवैध कारोबार सम्बन्धी मुद्धामा रु. १५,०१,८००।- विगो कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

- धोन्जे तामाङ समेतको विदेशी विनिमय अवैध कारोबार सम्बन्धी मुद्धामा रु. १३,८९१।६५ विगो कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

- बागलुङ जिल्ला भिमगिद्धे गा. वि. स. वा. नं. २ बस्ने दिलबहादुर रोका विरुद्ध विदेशी विनिमय अमेरिकी डलर अवैध ओसार पसार सम्बन्धी मुद्धामा रु. ६९,८७९।६० विगो कायम गरी मिति २०६०/९/२८ मा काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

- मुस्ताङ जिल्ला छोन्हुप गा.वि.स. वा.नं. ६ बस्ने वर्ष ३८ को तासी ढिण्डु गुरुङ विरुद्ध विदेशी विनिमय अवैध ओसार पसार चिनीयां सम्बन्धी मुद्धामा युआन ४९,४०१ को ने.रु.

४,६७,३३४। विगो कायम गरी जिल्ला अदालत कास्कीमा मिति २०६०/९/८ मा मुद्दा दायर गरिएको ।

- का.म.न.पा. वा. नं. २३ बस्ने जितेन्द्र श्रेष्ठ उपर विदेशी विनिमय अमेरिकी डलर ८,०००। को अवैध कारोबार सम्बन्धी मुद्दा मिति २०६०/११/१२ मा काठमाण्डौं जिल्ला अदालतमा दायर गरिएको ।

- भारत दार्जलिङ घर भएका दावा भुटिया र लोप्साङ छुटेन समेत भएको विदेशी विनिमय अमेरिकी डलर ७,३६६ को अवैध कारोबार सम्बन्धी मुद्दा मिति २०६०/११/२९ मा जिल्ला अदालत झापामा दायर गरिएको ।

- राजस्व अनुसन्धान मध्यमाञ्चल इकाई कार्यालय, पथलैयाको मिति २०५९/१०/३ को पत्रले वादी श्री ५ को सरकार प्रतिवादी नरेश कुमार शर्मालाई वरामदी भा.रु. ९,५०,०००।- को ने. रु. १५,२१,४२५।- विगो कायम गरी पर्सा जिल्ला अदालत वीगरञ्जमा २०६०/१२/१५ मा विदेशी विनिमय अवैध कारोबार सम्बन्धी मुद्दा दायर गरिएको ।

- त्रिभुवन विमानस्थल सु. प्र. गार्ड कार्यालयको मिति २०६१/१/७ को प्रतिवेदनले वादी श्री ५ को सरकार प्रतिवादी वेल्जियम नागरिक जान वेचेन्ज भएको विदेशी विनिमय अवैध निकासी (अमेरिकी डलर १५,५६९।-, युरो ६८०।-) सम्बन्धी मुद्दामा रु. ११,६४,६३३।- विगो कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्दा दायर भएकोमा अदालतबाट विगोको डेढी धरौटी माग गरी तारेखमा रिहा गरिएको ।

- भारत पञ्जाव बस्ने विकास नैयर भएको भा. रु. ५००। दरका नोट थान ४०० अवैध निकासी सम्बन्धी मुद्दामा रु. ३,२०,०००।- विगो कायम गरी मिति २०६१/२/१३ मा काठमाण्डौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको ।

- ताइवानी नागरिक चावो यन चि ले अमेरिकी डलर २८,००० र ५०० दरको भा. रु. १५,०००।- समेत अवैध ओसार पसार गर्न लागेकोमा पक्राउ परी यस विभागमा दाखिला भएकोमा ने. रु. २०,९६,०२२।५० विगो कायम गरी मिति २०६१/३/२८ मा काठमाण्डौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको ।

- जापानी येन ४८,८५,५००।- र क्यानेडियन डलर १०,५००।- सहित काठमाण्डौं इचंगु नारायण गा. वि. स. वा. नं. १ बस्ने श्रीमती सीता तामाङ विदेशी विनिमय अवैध ओसार पसारको अभियोगमा पक्राउ परी यस विभागमा दाखिला हुन आएकोमा रु. ३९,०४,०२०।-

बिगो कायम गरी धरौटी माग गरिएकोमा माग बमोजिमको धरौटी बुझाउन नसकेकोले थुनामा राखी कारवाही भैरहेको ।

## ङ. अभिलेख राख्ने तथा अनुगमन गर्ने तर्फ

- विभिन्न भन्सार कार्यालयहरुको समयभित्र फुकुवा हुन नसकेका बैंक ग्यारेण्टीको रकम अभिलेख अद्यावधिक गरी सो वक्यौता सम्बन्धमा विभिन्न निकायहरुमा पत्राचार गरिएकोमा यस विभागमा प्राप्त विवरण अनुसार हालसम्म वक्यौता बैंक ग्यारेण्टी तथा फुकुवा गरी जम्मा रु. १२,०३,६९,२५४।- बैंक ग्यारेण्टी फुकुवा भएको ।

- विभिन्न इकाई कार्यालयहरुबाट मासिक रुपमा प्रगति विवरण प्राप्त गरी आवश्यकतानुसार अनुगमन गर्ने गरिएको ।

- निकासी गरी विदेशी मुद्रा भुक्तानी नल्याउने निकासीकर्ताहरुको डाटावेस तयार गरी अध्ययन भैरहेको ।

- काठको आन्तरिक ओसार पसार गर्ने फर्महरुको कारोबार अंक एकीन गरी यस विभागबाट अध्ययन अनुगमन गरिनुका साथै आन्तरिक राजस्व विभागमा पठाइएको ।

- सिमेण्टको आन्तरिक ओसार पसार सम्बन्धी कागजातका आधारमा श्रावण र भाद्रको तथ्यांक कम्प्युटर प्रविष्टीको कार्य सम्पन्न गरी विक्रेता तथा क्रेता तर्फ निर्माण कम्पनी र व्यवसायिक फर्महरुको छुट्टाछुट्टै प्रतिवेदन तयार पारी विभागबाट अध्ययन अनुगमन गरिनुका साथै आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व विभागमा पठाइएको ।

आ.ब. २०६०/६१ मा इकाई कार्यालयहरुबाट सम्पन्न गरिएका मुख्य मुख्य काम र उपलब्धिहरु

राजस्व अनुसन्धान पूर्वाञ्चल इकाई कार्यालय, इटहरी, सुनसरी

## भन्सार तर्फः

| क.सं. | पक्राउ मिति | फर्म र व्यक्ति | मालबस्तु | प्रतिवेदन मूल्य | मुद्दाको अबस्था | राजस्व दाखिला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २०६०।०४।२० | राधाकृष्ण आयल मिल, विराटनगर | प्लाष्टिक रोल | ३,०००।- | निर्णय भएको । | ११,६३१।- | |
| २. | २०६०।०४।३२ | वेवारिसे | भारतिय मल | ५,०००।- | निर्णय भएको । | ५,७१५।६० | |
| ३. | २०६०।०५।०३ | वेवारिसे | ट्युव लाईट | ७,५००।- | निर्णय भएको । | ७,९३८।- | |
| ४. | २०६० भाद्र | वेवारिसे | भारतिय युरिया मल | १,७१,०००।- ट्रकको ५,००,०००।- | --- | --- | कारवाहीको लागि विराटनगर भंसार कार्यालयमा पठाईएको |
| ५. | २०६०।०६।१५ | रामअवतार अग्रवाल, खड्ग व.कडरिया | भारतिय कपडा | २,५०,०००।- | निर्णय हुन बांकी । | --- | |
| ६. | २०६०।०७।२० | वेवारिसे | कुर्था, सलवार | ३०,२००।- | निर्णय भएको । | ३०,४७८।- | |
| ७. | २०६०।०८।१९ | राधिका तिमिल्सिना, दमक | भारतिय कपडा | ६५,१०५।- | निर्णय भएको । | १,२९,८८३।- | |
| ८. | २०६०।०९।०८ | वेवारिसे | विभिन्न रंगका हाफ कट्टु | ३,९००।- | निर्णय भएको । | ४,५००।- | |
| ९. | २०६०।११।०८ | वेवारिसे | चाईनिज क्यामरा | ८,५००।- | निर्णय भएको । | ८,३३०।- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | २०६१।०१।१५ | वेवारिसे | भारतिय युरिया मल | ९,०००।- | निर्णय भएको । | ११,८८०।- | |
| ११. | २०६१।०२।१४ | वेवारिसे | भारतिय युरिया मल | ६,०००।- | निर्णय भएको । | ७,९२०।- | |
| १२. | २०६१।०१।३१ | वेवारिसे | चाईनिज घडि निम्नस्तर | २,२०,०००।- | निर्णय हुन बांकी | --- | |
| १३ | २०६१।०३।१५ | वेवारिसे | भारतिय युरिया मल | ११,५००।- | निर्णय नभएको । | | सुनसरी भंसार का.मा बुझाएको |
| जम्मा: | | | | १२,९०,७०५। - | | २,१८,२७५।६० | |

## मूल्य अभिवृद्धि कर तर्फः

| क्र.सं. | मिति | फर्म र व्यक्ति | गैहृ कारोबार मूल्य | लिएको धरौटी रकम | कारवाही गर्ने आ.रा.का. | जरिवाना रकम समेत राजस्व असुली | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २०६०।०४।१८ | ओरियन्टल डिपार्टमेन्टल स्टोर, विराटनगर | ५,८०,९५४।- | --- | आ.रा.का. विराटनगर | ७१,०५५।- | |
| २. | २०६०।०४।३० | हरीलक्ष्मी ट्रेडिंग सेन्टर, विराटनगर भोलेशंकर ट्रेडिंग सेन्टर, विराटनगर भगवति केमिकल वर्क्स, विराटनगर | १६,१९,९५९। - २,२३,९३६।- | --- | आ.रा.का. विराटनगर | ४१,११०।- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | २०६०।०७।२३ | मनिष स्टोर, विराटनगर | ४,८६,६८६।- | ९०,०००।- | आ.रा.का. विराटनगर | ४९,३५६।- | |
| ४. | २०६०।०९।२० | महाविर क्लोथ स्टोर, विराटनगर | १६,७३,५५३।- | ३,३४,७१२। - | आ.रा.का. विराटनगर | १,८२,७३६।- | |
| ५. | २०६०।०३।३२ | बुधकरण एण्ड सन्स टि-कम्पनी प्रा.लि. र बुधकरण टि प्याकेजिंग, झापा | ४,३४,२१६।- | --- | आ.रा.का. भद्रपुर | ४३,४२१।५२ | |
| ६. | २०६०।०३।३२ | कुवाडी डेनी टि-स्टेट प्रा.लि. मित्तल टि स्टेट, प्रा.लि.झापा | २३,९०,०२५।-<br>५,६८,९५०।- | --- | आ.रा.का. भद्रपुर | २,३९,००२।५०<br>५६,८९८।५० | |
| ७. | २०६०।०९।२० | न्यू कृष्णा हार्डवेयर, लहान | ६,३९,८९१।- | १,३७,९८०। - | आ.रा.का. लहान | १,३३,३८०।- | |
| ८. | २०६०।०९।२० | न्यू कृष्णा स्टोर्स, लहान | १२,००,०००।- | ५०,०००।- | आ.रा.का. लहान | --- | कारवाही भै आउन बांकी । |
| ९ | २०६०।०९।२० | विनायक इण्टरप्राईजेज, लहान | ११,८८,५२१।- | १,८८,३००। - | आ.रा.का. लहान | २,५२,७०४।- | |
| १०. | २०५९।०७।१३ | श्री योगेश ट्रेड सेण्टर र शारदा अगरवत्ति, विराटनगर | --- | --- | आ.रा.का. विराटनगर | ५,०८०।-<br>६,१४७।- | |
| ११. | २०६१।०१।०७ | श्री महिमा ट्रेड सेण्टर, | ७,८३,८९६।- | ९९,३८१।- | आ.रा.का. लहान | --- | कारवाही भै आउन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कन्चनपुर, सप्तरी | | | | | बांकी |
| १२. | २०६१।०१।१६ | दिगम्बर बाबा स-मिल, झापा | २,७४,३०२।- | २७,४३०।२० | आ.रा.का. भद्रपुर | १,०००।- | |
| १३. | २०६१।०२।१२ | श्री हेटौडा आईरन इण्डष्ट्रीज प्रा.लि. मोरंग | ४,७७,५००।- | --- | आ.रा.का. विराटनगर | १,०००।- | |
| १४. | २०६१।०१।१८ | श्री मारुती सिमेण्टस लि. सिरहा | १८,१५,३२६।- | ४,५०,०००।- | आ.रा.का. लहान | --- | कारवाही भै आउन बांकी |
| १५. | २०६१।०३।२७ | श्री सिंह समिल, झापा | १,०३,२२०।- | २१,०००।- | आ.रा.का. भद्रपुर | --- | कारवाही भै आउन बांकी |
| १६. | २०६०।०७।२० | श्री राठी एडहेसिव, विराटनगर | ४२,०००।- | ६,६००।- | आ.रा.का. विराटनगर | --- | कारवाही भै आउन बांकी |
| १७. | | मा भगवति रेडिमेड, ईटहरी | १,०१,४३९।- | १०,०००।- | आ.रा.का. सुनसरी | ३,२०८।- | |
| जम्मा: | | | १,४६,०४,४०९। - | १४,१५,४०३।२० | | १०,८६,०९८।५२ | |
| १८. | विभिन्न मिति | विभिन्न फर्महरुले आफ्नो नामको प्रज्ञापन पत्र बाट सामान पैठारी गरि सोही प्रज्ञापन पत्र बाटै अन्य फर्मलाई सामान ओसार पसार गर्दा कर विजक जारी गर्न लगाई छाडिएको मूल्य रु. । | | | | १,०१,४३,९३,२०८। - | |
| १९ | विभिन्न मिति | विभिन्न ११ वटा फर्महरु लाई मूल्य अभिवृद्धि करमा दर्ता गराईएको । | | | | | |
| २०. | विभिन्न मिति | साल्ट ट्रेडिंग कम्पनि, विरगंजले मिति २०६०।१०।०८ मा किलिड०कर ४ ट्रक चलानको आधारमा मात्र पठाएकोमा यस कार्यालयले चेकजाच को क्रममा गाडी रोकिए पछि मात्र मिति २०६०।१०।११ मा मिति २०६०।१०।०९ को मितिको विजक नं. २३१६, १७, १८ र १९ बाट रु. ४,५५,८३९।९२ को विजक जारी गरेको मा यस सम्बन्धमा आवश्यक कारवाही को लागि विभागमा मिति २०६०।१०।१२ मा फायल पठाईएको । | | | | | |

| | | | |
|---|---|---|---|
| २१. | विभिन्न मिति | जनकपुर अफसेट प्रेस, लहान ले मिति २०६०।०८।०२ मा वि.पि.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लाई विभिन्न सामान मूल्य रु. २,०६,१६०। को पठाउंदा कर विजक जारी नगरि पठाएकोले यस कार्यालय बाट चेक जाच गरि विजक नं. १०८११ स्थायी लेखा नम्बर ३००८७१२७४ उल्लेख गर्न लगाई छाडिएको । | |

## <u>आयकर तर्फः</u>

| क्र. सं. | मिति | फर्म र व्यक्ति | कारोबार रकम | धरौटी रकम | कारण | सम्बन्धित आ.रा.का. | जरिवाना रकम समेत राजस्व असुली |
|---|---|---|---|---|---|---|---|
| १. | २०६० भाद्र | ओम ज्वेलर, विराटनगर | --- | २५,०००।- | विक्री लुकाएको | आ.रा.का. विराटनगर | जानकारी प्राप्त भै नसकेको । |
| २. | २०६०।१०।१८ | क्लवार एग्रो ईण्डष्ट्रीज, गौर | ४९,४७,०००। - | १,००,०००।- | एउटै नम्बरको फरक विल जारी गरेको । | आ.रा.का. पर्सा | १५,०००।- |
| ३. | २०६०।१०।०५ | प्रकाश कवाडी खरिद विक्री केन्द्र, लहान | ४,०७,८२४। - | १०,०००।- | पानमा दर्ता नभएको । | आ.रा.का. लहान | ९,९३५।- |
| ४. | २०६०।१०।०९ | प्रकाश राईस मिल प्रा.लि. राजविराज | ५६,०७,३६२। - | ५०,०००।- | विजक नम्बर र पान नम्बर रबर स्ट्याम्प प्रयोग गरि कारोबार गरेको । | आ.रा.का. लहान | ३४,०००।- |
| ५. | २०६०।१०।११ | न्यू गुप्ता गल्ला भण्डार, गौर | --- | १५,०००।- | मोटर चलान बाट कारोबार गरेको । | आ.रा.का. पर्सा | जानकारी प्राप्त भै नसकेको । |
| ६. | २०६०।१०।११ | निलम अनु ट्रेडर्स, सप्तरी | ३,५०,३१२।- | ५,०००।- | विजक नम्बर र पान नम्बर | आ.रा.का. लहान | जानकारी प्राप्त भै नसकेको । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रयोग नगरि कारोबार गरेको । | | |
| ७. | २०६०।११।१० | योगमाया खरिद विक्री, सप्तरी | ८७,५००।- | ५,०००।- | लुज विल प्रयोग गरि कारोबार गरेको । | आ.रा.का. लहान | १,०००।- |
| ८. | २०६०।११।१० | जोगिन्द्र साह, सिरहा | २०,५२,०००। - | २५,०००।- | मोटर चलान बाट कारोबार गरेको । | आ.रा.का. लहान | ९,७५८।- |
| ९ | २०६०।११।११ | बनारसी खरिद विक्री, सप्तरी | ७,००,०००।- | ८,०००।- | लुज विल प्रयोग गरि कारोबार गरेको । | आ.रा.का. लहान | ५,०००।- |
| १०. | २०६०।११।२९ | सहदेव राय, सिरहा | ४,००,०००।- | ८,०००।- | मोटर चलान बाट कारोबार गरेको । | आ.रा.का. लहान | ५,०००।- |
| ११. | २०६०।१२।०१ | पशुपति गल्ला खरिद विक्री, सिरहा | ३,२२,३०४।- | ५,०००।- | लुज विल प्रयोग गरि कारोबार गरेको । | आ.रा.का. लहान | १,०००।- |
| १२. | २०६०।१२।०१ | प्रेमशंकर खरिद विक्री, सिरहा | १५,००,०००।- | ९,०००।- | मोटर चलान बाट कारोबार गरेको । | आ.रा.का. लहान | ५,०००।- |
| १३. | २०६०।१२।२३ | ओम गणेश ट्रेडिंग, सुनसरी | ३०,००,०००।- | ८,०००।- | मोटर चलान बाट कारोबार | आ.रा.का. लहान | जानकारी प्राप्त भै नसकेको । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | गरेको । | | |
| १४. | २०६०।१२।२३ | गिता खरिद बिक्री, सप्तरी | ४३,१८७।- | ५,०००।- | लुज विल प्रयोग गरि कारोबार गरेको । | आ.रा.का. लहान | जानकारी प्राप्त भै नसकेको । |
| १५. | २०६१।०१।१६ | महेन्द्र ट्रेड सेण्टर, सिरहा | ४८,३७,९१०।- | १५,०००।- | मोटर चलान बाट कारोबार गरेको । | आ.रा.का. लहान | जानकारी प्राप्त भै नसकेको । |
| १६. | २०६१।०१।२१ | अमरेन्द्र ईण्टरप्राईजेज, सप्तरी | १७,७६,७१०।- | ५,०००।- | मोटर चलान बाट कारोबार गरेको । | आ.रा.का. लहान | ५,०००।- |
| १७. | २०६१।०२।१४ | कैलास एण्ड ट्रेडर्स, सप्तरी | ७,००,०००।- | ५,०००।- | विजक नम्बर र पान नम्बर रबर स्ट्याम्प प्रयोग गरि कारोबार गरेको । | आ.रा.का. लहान | जानकारी प्राप्त भै नसकेको । |
| १८. | २०६१।०२।१४ | श्री लक्ष्मी खाध्यान्न खरिद विक्री, सिरहा | १२,००,०००।- | २,०००।- | मोटर चलान बाट कारोबार गरेको । | आ.रा.का. लहान | ५,०००।- |
| १९ | २०६१।०३।०२ | विरेन्द्र धान खरिद विक्री, सिरहा | ५९,४६,९००।- | ५,०००।- | लुज विल प्रयोग गरि कारोबार गरेको । | आ.रा.का. लहान | जानकारी प्राप्त भै नसकेको । |
| २०. | २०६१।०३।०६ | ओम प्लाष्टो एण्ड मेटल इण्डष्ट्रीज, सिरहा | ३,७८,६४९।- | ४०००।- | विजक नम्बर र पान नम्बर रबर स्ट्याम्प | आ.रा.का. लहान | जानकारी प्राप्त भै नसकेको । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रयोग गरि कारोबार गरेको । | | |
| जम्माः | | | ३,४२,५७,६५८।- | ३,१४,०००।- | | | ९५,६९३।- |

| | | | |
|---|---|---|---|
| २१. | विभिन्न मिति | विभिन्न ६ वटा फर्महरु लाई पानमा दर्ता गराईएको । | |
| २२. | ,, | बालाजी खरिद विक्री केन्द्र, विराटनगरले विजक नम्बर हातले लेखि खाध्यान्नको कारोबार गरेको भेटी मिति २०६१।०२।१८ मा आवश्यक कारवाहीको लागि आ.रा.का. विराटनगरमा लेखि पठाएको । | |
| २३. | ,, | विभिन्न १० वटा फर्मले पान नम्बर उल्लेख नगरि कारोबार गरेको भेटी पान नम्बर उल्लेख गर्न लगाई छाडिएको । | |

## अन्तःशुल्कः तर्फः

| | | |
|---|---|---|
| १. | विभिन्न मिति | आ.रा.का. धरानको अनुरोधमा किस्ता तथा नविकरण दस्तुर नबुझाउने विभिन्न इट्टाभट्टा को ओसार पसारमा रोक लगाई विभिन्न इट्टा भट्टाबाट अन्तःशुल्क रकम रु. ५,०३,२५०।- असुल उपर गराइएको । |
| २. | ,, | विभागको आदेशानुसार हिमाल सुर्ति उधोग, ईटहरीको चेक जाच गर्दा १९ किलो सुर्ति माग फारम भन्दा बढी निकासी गरेको भेटी आवश्यक कारवाहीको लागि आ.रा.का.धरानमा लेखि पठाईएकोमा निजलाई रु. ८,७३६।- जरिवाना गरि उक्त सुर्ति लिलाम गर्ने व्यहोरा लेखि आएको । |

## राजस्व चुहावट तर्फः

| | | |
|---|---|---|
| १. | | दुगड ब्रदर्श एण्ड सन्स - सञ्चालक मोतिलाल दुगड बाट राजस्व चुहावट मुद्धामा अनुसन्धानको क्रममा कैद वापतको रकम समेत गरि मिति २०६०।०९।२२ जम्मा रु. ३३,००,०००।- बैंक ग्यारेण्टी धरौटी लिई निजलाई तारेखमा राखिएको । |
| | | |

| विविधः | | |
|---|---|---|
| १. | | विभाग बाट प्राप्त उजुरीको आधारमा विभिन्न ८ वटा फर्महरुको कारोबार को चेक जाच एवं अनुसन्धान गरि विभागमा प्रतिवेदन प्रस्तुत गरिएको । |
| २. | | विभिन्न ढुवानी साधन बाट चेकपोष्टमा संकलित छायाप्रति विजकहरु सम्बन्धित आ.रा.का.मा पठाएको प्रति २,२६,७५९ । |
| ३. | | यस कार्यालयबाट पूर्व पश्चिम राजमार्ग, धरान एवं विराटनगर रोडमा अवैध चोरी पैठारी नहोस भन्ने उद्धेश्य अनुरुप नियन्त्रण का लागि समय समयमा गस्ती परिचालन गरिएको । |
| मुद्धा तर्फः | | |
| १. | विभिन्न मिति | साउन देखि हाल सम्म १३ थान मुद्धा दर्ता भएका सो मध्ये ११ थान को निर्णय भै किनारा लागेको २ थान को निर्णय हुन बांकी । |

## राजस्व अनुसन्धान मध्यमाञ्चल इकाई कार्यालय, पथलैया, बारा

- आर्थिक वर्ष २०६०/६१ मा उक्त इकाई कार्यालयले रु. ७३,६७,७६५।- बराबरका विभिन्न सामानहरु पक्राउ गरी भन्सार ऐन अनुसार कारवाही चलाएको ।
- सोही अवधिमा उक्त इकाई कार्यालयले आयकर तर्फ रु. ४,५५,०००।- दाखिला गर्न लगाएको ।
- सोही आर्थिक वर्षमा उक्त इकाई कार्यालयले मू.अ. कर वापत रु. १,५३,८३९।- दाखिला गर्न लगाएको ।
- यसै अवधिमा उक्त इकाई कार्यालयले अन्तःशुल्क वापत रु. २०,००,०००।- दाखिला गर्न लगाएको ।

## राजस्व अनुसन्धान पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल, रुपन्देही

- आर्थिक वर्ष २०६०/६१ मा उक्त इकाई कार्यालयले मू. अ. कर र जरिवाना वापत रु. २०,१६,६०३।- असुल उपर गराएको ।
- सोही अवधिमा उक्त इकाई कार्यालयले आयकर तर्फ रु. ९०,०१०।- दाखिला गर्न लगाएको ।
- यसै अवधिमा उक्त इकाई कार्यालयले अन्तःशुल्क वापत रु. ४७,०५०।- दाखिला गर्न लगाएको ।
- भन्सार चोरी पैठारी तर्फ सो अवधिमा जरिवाना वापत रु. १,४७,१७५।- असुल गरिएको ।

- लिलाम बिक्री तर्फ उक्त कार्यालयबाट गत आर्थिक वर्ष २०६०/६१ मा रु. २,४७,६०४।५० लिलामबाट प्राप्त रकम राजस्व दाखिला गरिएको।
- उक्त आर्थिक वर्षमा रु. १,४४,२००।- बराबरका सामानहरु भन्सार ऐन अन्तर्गत जफ्त भै लिलामको प्रकृयामा रहेको।

राजस्व अनुसन्धान मध्य तथा सुदूर पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर, बांके

- आर्थिक वर्ष २०६०/६१ मा उक्त इकाई कार्यालयले गलत विजक जारी गर्ने फर्महरुलाई जरिवाना गराई रु. ७१,२००।- जरिवाना असुल गराइएको।
- चोरी पैठारी गर्ने उद्देश्यले आन्तरिक ओसार पसार भै आएको सामानहरु कव्जामा लिई विगो बराबर रु. १,८६,९००।- असुल उपर गरिएको।
- यस इकाई कार्यालयको कार्य क्षेत्र अन्तर्गतका विभिन्न इटा भट्टाहरुबाट अन्तःशुल्क र जरिवाना वापत रु. ४,८५,०००।- असुल उपर गराइएको।

- मेची भन्सार कार्यालयबाट जांचपास भै काठमाण्डौं तर्फ आएको ना. २ ख ८७१३ को ट्रक चेकजांच गर्दा शंकास्पद रुपमा भेटिएको ५००० थान MV 989 (Model) क्यामेरा कब्जामा लिई विगो तथा कैद वापत रु. ८,६१,१५०।- बैंक ग्यारेण्टी लिई आवश्यक कारवाही भैरहेको ।
- वीरगञ्जबाट फोटोग्राफिक सामानहरु ढुवानी गरील्याएको बा. १ ख ८२०९ नं. को ट्रक यस विभागमा ल्याई चेकजांच गर्दा चोरी पैठारी गरील्याएको भारतीय साडी र शल फेला परेकोले उक्त सामान कब्जामा लिई विगो र कैद वापत रु. ७६,२४०।- नगद धरौटी लिई आवश्यक कारवाही भैरहेको ।
- वीरगञ्जबाट सिमेण्ट ढुवानी गरील्याएको बा. २ ख ७२९१ नं. को ट्रक यस विभागमा ल्याई चेकजांच गर्दा चोरी पैठारी गरील्याएको शल फेला परेकोले उक्त सामान कब्जामा लिई विगो र कैद वापत रु. १,८२,,१६०।- नगद धरौटी लिई आवश्यक कारवाही भैरहेको ।
- कञ्चनपुर भन्सार कार्यालय र धनगढी भन्सार कार्यालयहरुबाट जांचपास भै रिद्धिसिद्धि रोडवेज, काठमाण्डौंले ढुवानी गरील्याएका १९ वटा मालवाहक ट्रक (ना. २ ख ४१२१, ना. २ ख ८४४१, ना. २ ख ८८३६, ना. २ ख २५९८, ना. २ ख ६८४५, ना. २ ख ९१४२, ना. २ ख ८६२२, ना. २ ख ८४७७, ना. २ ख ६०५०, ना. २ ख ८३१८, ना. २ ख २६६९, ना. २ ख ७०९५, ना. २ ख ३१५८, ना. २ ख ६१६८, ना. २ ख ७९८५, ना. २ ख २४६४, ना. २ ख ३२२१, RJ 01 G 4220 र RJ 01 G 3334) मा रहेका विभिन्न भारतीय सामानहरु भन्सार चोरी पैठारीको आशंकामा कब्जामा लिई आवश्यक छानवीन भैरहेको ।
- नक्कली गहना बिक्री वितरण गर्ने जिव नारायण इण्टरप्राइजेजको शो रुममा शिल छाप गरी कागजात तथा विल विजक कब्जामा लिई अनुसन्धान गर्दा केही नक्कली गहनाको पैठारी श्रोत देखाउन नसकेकोले भन्सार ऐन बमोजिम उक्त गहना कब्जामा लिई विगो बमोजिम जरिवाना र कैद वापत गरी जम्मा रु. ३,२४,९१८।- धरौटी माग गरिएकोमा जेथा जमानी प्राप्त भएकोले तारिखमा राखिएको ।
- 